# राष्ट्रिय बीमा कम्पनी लिमिटेड

फोन नं. : (०१) ४२५८८६६, फयाक्स् : ०१ ४२६१३५१ / (०१) ४२५८७२१

रा.बी.सं. भवन, रामशाहपथ, काठमाडौं ।

(रकमः रु. हजारमा)

## आ. ब. ०७३/७४ को चौथो त्रैमासिक (२०७४ आषाढ मसान्त) सम्मको लेखापरिक्षण हुन बाँकी (UNAUDITED) वित्तीय परिणाम

### वासलात

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा (२०७४/०३/३१) | अधिल्लो त्रैमासिकको अन्त्य सम्ममा (२०७३/१२/३१) | अधिल्लो आ.व. को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा (२०७३/०३/३१) |
|---|---|---|---|---|
| **१** | **श्रोत (१.१ देखि १.४ सम्म)** | **३,१३८,६४६** | **३,१६२,९४३** | **२,९०१,६४०** |
| १.१ | चुक्ता पूँजी | १२४,४४० | १२४,४४० | १२४,४४० |
| १.२ | जगेडा तथा कोष | १,९३७,३६८ | १,९४९,५१७ | १,८१८,८६५ |
| १.३ | बीमा कोष | १,०७६,८३८ | १,०८८,९८६ | ९५८,३३५ |
| १.४ | तिर्न बांकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| **२** | **उपयोग(२.१ देखि २.५ सम्म)** | **३,१३८,६४६** | **३,१६२,९४३** | **२,९०१,६४०** |
| २.१ | स्थिर सम्पत्ती (खुद) | ५६,३४३ | ६०,०४२ | ६२,९८८ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | ८३४,६७९ | ८७९,३३१ | ४५९,८६१ |
| **२.३** | **खुद चालु सम्पत्ती (३-४)** | **२,२४७,६२४** | **२,२२३,५७०** | **२,३७८,७९०** |
| २.४ | अपलेखन वा समायोजन हुन बाँकी बिबिध खर्च | - | - | - |
| २.५ | नाफा नोक्सान हिसाबमा सारेको नोक्सान | - | - | - |
| २.६ | **खुद चालु सम्पत्तीको बिवरण** | - | - | - |
| **३** | **चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु : (३.१ देखि ३.३ सम्म)** | **३,३६०,७२५** | **३,३२८,८६८** | **३,३६५,४८९** |
| ३.१ | नगद तथा बैंक मौज्दात | ५७३,६५१ | ६३८,१५० | १,३९५,०९९ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | २,५००,००० | २,५००,००० | १,१९०,००० |
| ३.३ | अन्य सम्पत्ती | २८७,०७४ | १९०,७१८ | ७८०,३९० |
| **४** | **चालु दायित्व तथा व्यवस्थाहरु : (४.१ देखि ४.४ सम्म)** | **१,११३,१०१** | **१,१०५,२९८** | **९८६,६९९** |
| ४.१ | चालु दायित्व | १४०,२८१ | २७७,१०२ | १४३,३२३ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | २३९,२७३ | १६४,२४२ | ११८,०१२ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ५३३,५४७ | ४६३,९५४ | ४२५,३६४ |
| ४.४ | अन्य ब्यवस्था | २००,००० | २००,००० | ३००,००० |
| | **नाफा नोक्सान हिसाब** | | | |
| **१** | **आम्दानी (१.१ देखि १.४ सम्म)** | **२९९,५८७** | **३०६,५९०** | **२२९,३७७** |
| १.१ | आय व्यय हिसाबबाट सारेको | (५७,५४८) | २५,२५४ | ७४,७१३ |
| १.२ | लगानी कर्जा तथा अन्यबाट आय | ३५७,१३५ | २८१,३३६ | १५४,६६४ |
| १.३ | व्यवस्था फिर्ता | | | - |
| १.४ | अन्य आम्दानी | | | - |
| **२** | **ब्यवस्था तथा खर्च (२.१ देखि २.८ सम्म)** | **६२,५८१** | **४५,२८७** | **६५,५८३** |
| २.१ | व्यवस्थापन खर्च | १,०६६ | ७७० | १७,३७५ |
| २.२ | अपलेखन खर्च | | | - |
| २.३ | शेयर सम्बन्धी खर्च | | | - |
| २.४ | अन्य खर्चहरु | ४०,००० | - | १,०५० |
| २.५ | नोक्सानीको लागि व्यवस्था | | | - |
| २.६ | कर्मचारी आवास व्यवस्था | | | - |
| २.७ | कर्मचारी बोनस व्यवस्था | १९,१५० | २७,८०२ | १९,१७७ |
| २.८ | आयकर | २,३६५ | १६,७१५ | २७,९८१ |
| | **खूद नाफा /(नोक्सान) (ग) = (क) - (ख)** | **२३७,००६** | **२६१,३०३** | **१६३,७९४** |
| | **एकिकृत आय व्यय हिसाब** | | | |
| **१** | **आय (१.१ देखि १.६ सम्म)** | **९२७,८८६** | **८०९,२५२** | **९५२,३०६** |
| १.१ | बीमाशूल्क (खुद) | २३९,२७३ | १६४,२४२ | २६७,५३९.३४ |
| १.२ | पूनर्बीमा कमिशन आय | २२,७८८ | १३,९२८ | ८७,१८४.४० |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ११३,१६० | ७८,४१६ | ५४,१८६.१४ |
| १.४ | अन्य प्रत्यक्ष आय | | | - |
| १.५ | त्रैमासिकको शूरुको भूक्तानी हून बांकी दावी बापत | ४६३,९५४ | ४६३,९५४ | ४२५,३८३.९४ |
| १.६ | त्रैमासिकको शूरुको असमाप्त जोखिम बापत व्यवस्था | ८८,७१२ | ८८,७१२ | ११८,०११.९२ |
| **२** | **व्यय (२.१ देखि २.८ सम्म)** | **९८५,४३५** | **७८३,९९८** | **८७७,५९३** |
| २.१ | दावी भूक्तानी (खुद) | १००,६४८ | ७५,२०६ | ११७,३४५.०२ |
| २.२ | अभिकर्ता कमिशन | ४,०२३ | २,७१९ | २,०४४.५३ |
| २.३ | पूनर्बीमा कमिशन खर्च | | | ०.०० |
| २.४ | सेवा शूल्क (खुद) | २,३९३ | १,६४२ | २,६७५.३९ |
| २.५ | अन्य प्रत्यक्ष खर्च | | | ०.०० |
| २.६ | व्यवस्थापन खर्च | १०५,५५२ | ७६,२३५ | २१२,१५२.५५ |
| २.७ | त्रैमासिकको अन्त्यमा भूक्तानी हून बांकी दावी बापत | ५३३,५४७ | ४६३,९५४ | ४२५,३६३.७४ |
| २.८ | त्रैमासिकको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | २३९,२७३ | १६४,२४२ | ११८,०११.९२ |
| ३ | **नाफा नोक्सान हिसाबमा सारेको नाफा/(नोक्सान) (१-२)** | **(५७,५४८)** | **२५,२५४** | **७४,७१३** |

### *अन्य*

| क्र.सं | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७४/०३/३१) | अधिल्लो त्रैमासिकको अन्त्य सम्ममा (२०७३/१२/३१) | अधिल्लो आ.व. को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा (२०७३/०३/३१) |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) | ८४१,२३१ | ५९०,९०० | ८६८,७४५ |
| २. | जारी बीमालेखको संख्या | १६,७६९ | १३,१४८ | |
| ३. | नवीकरण गरिएको बीमालेखको संख्या | द्रष्टब्यको बुदा नं ३ हेर्नु होला | | |
| ४. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | १८६,९२५ | ११३,४४७ | |
| ५. | कुल दाबी भुक्तानी संख्या | | | |

**द्रष्टब्य :**

१) राष्ट्रिय बीमा संस्थानवाट अलग भई कम्पनी ऐन, २०६३ अन्तर्गत निर्जीवन बीमा कम्पनीको रुपमा स्थापना भएको कम्पनी हो ।

२) वित्तिय बिवरणमा उल्लेख गरिएका बिवरणहरु, राष्ट्रिय बीमा संस्थान तथा कम्पनीको आ.व २०७०/७१ वार्षिक साधारण सभा तथा कम्पनीको बाह्य लेखा परिक्षण तथा नियामक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

३) कम्पनीले २०७२ साल माघ १ गते दखि प्रधान कार्यालय तथा २०७३ साल श्रावण १ गते देखि शाखा कार्यालयहरुमा समेत नँया Integrated Insurance Software बाट बीमा लेखहरु जारी गरी रहेकोले बीमा लेख नवीकरण गर्दा समेत नँया बीमा लेख जारी गरि रहेको छ ।

४) राष्ट्रिय बीमा सस्थानको मिति २०७४/०१/२१ गतेको बसेको २९औ साधारण सभाबाट अनुमोदित ११४.२७ प्रतिशत बोनस शेयर नेपाल धितोपत्र बोडबाट दर्ताको क्रममा रहेकोले उक्त दर्ता पछि कम्पनीको चुक्ता पुँजी रु.२६,६६,३९,१०० हुनेछ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनुसूची १४**
(नियम २२ को उपनियम (२) संग सम्बन्धित)

## आ.व. २०७३/७४ को चौथो त्रैमासिक सम्मको प्रतिवेदन

१. **बित्तीय विवरण :**

(क) त्रैमासिक अवधिसम्म को वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :
यस कम्पनीको आ.व. २०७३/२०७४ को चौथो त्रैमासिक अवधिसम्मको वासलात, नाफा नोक्सान तथा एकीकृत आय व्यय हिसाव सम्वन्धी बित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (रु.) | १९०.४६ | मूल्य आम्दानी अनुपात | ६९.८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | २,५२२.२३ | प्रति शेयर कूल सम्पत्तिको मूल्य (रु.) | १,६२७.७४ |
| तलरता अनुपात | ३.०२ | | |

२. **ब्यबस्थापकीय विश्लेषण :**

यस त्रैमासीक अवधिसम्ममा कम्पनीको बीमाशुल्क आम्दानी, लगानी एवं जगेडा कोष सन्तोषजनक रुपमा बृद्धि भईरहेको छ । साथै कम्पनीको हालसम्मको व्यवसायिक तथा बित्तिय स्थिति व्यवस्थापनले प्रक्षेपण गरे अनुरुप नै भईरहेको छ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**

यस त्रैमासिक अवधिसम्ममा कम्पनी बिरुद्ध कुनै पनि कानूनी कारवाही सम्बन्धी मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :**

धितोपत्र बजारमा सूचीकृत संगठित संस्थाहरुको शेयर मूल्य तथा करोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुंदा यससंस्थाको शेयर मूल्य एवं कारोवार पनि सोही मान्यताको अनुरुप केही उतार चढाव भई रहेको छ ।

| | | | |
|---|---|---|---|
| अधिकतम् मूल्य (साधारण शेयर) | रु. २२८५० | न्यूनतम मूल्य (साधारण शेयर) | रु. १०२८२ |
| अधिकतम् मूल्य (संस्थापक शेयर) | रु. २०४९५ | | |
| अन्तिम मूल्य (साधारण शेयर) | रु. १३३०० | न्यूनतम मूल्य (संस्थापक शेयर) | रु. ९२४४ |
| अन्तिम मूल्य (संस्थापक शेयर) | रु. ११८०५ | | |
| कारोवार भएको कुल दिन (साधारण शेयर) | ५५ | कारोवार शेयर संख्या ( साधारण शेयर) | ३१,१२५ |
| कारोवार भएको कुल दिन (संस्थापक शेयर) | ५५ | | |
| कारोवार शेयर संख्या (संस्थापक शेयर) | ३६,१२६ | | |

५. **समस्या तथा चुनौती :**

देशको विद्यमान अवस्थामा अपेक्षाकृत लगानीको वातावरण बन्न नसक्नु आफैमा एउटा चूनौती हो । देशको आर्थिक विकास बिना बीमा बजारको पनि बिकास हुन नसक्ने परिप्रेक्षमा त्यसको प्रत्यक्ष असर यस कम्पनीमा पनि पर्नु अश्वभाविक मानिंदैन । यद्यपी, यस कम्पनीका संचालक तथा कर्मचारीहरुको सक्रियतामा बीमा बजारमा दरिलो प्रतिस्पर्धी तथा अग्रणी बीमा कम्पनीको रुपमा प्रस्तुत हुने अठोटका साथ आफ्नो ब्यबसाय बृद्धि गरिरहेको छ । नेपाल सरकारको मिति २०७१/०१/२३ को निर्णयानुसार साविकको राष्ट्रिय बीमा संस्थानवाट अलग भई निर्जीवन बीमा, कम्पनी ऐन, २०६३ अनुसार राष्ट्रिय बीमा कम्पनीको रुपमा स्थापना भएको एक मात्र सरकारी स्वामित्व प्राप्त बीमा कम्पनी भएको कारणले पनि बीमा बजारमा अस्वस्थ प्रतिस्पर्धामा कमि ल्याउन महत्वपुर्ण भूमिका खेलेको छ ।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिबृद्धिका लागि कम्पनी सदैव प्रतिवद्ध रहेको छ । कम्पनीले संस्थागत सुशासन अभिबृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्नुका साथै आवधिकरुपमा लेखा परिक्षण समिति लगाएत अन्य बिभिन्न समितिहरुले नियमित एवं पुनरावलोकन गर्दै कम्पनीको कार्यमा महत्वपुर्ण भूमिका खेलीरहेका छन् । नेपाल सरकार तथा नियमनकारी निकायहरुको निर्देशन पालना गरी बिभिन्न निति निर्देशिकाहरु तर्जुमा गरी संस्थागत सुशासनको निति कार्यान्वयन गर्दै आईरहेको छ । कम्पनीले आन्तरिक नियन्त्रण सुदृढ गर्नका लागि तथा लेखा, व्यवसाय, लगानी तथा सम्पतीको एकिकृत लेखाङ्कन गर्नका लागि Integrated Insurance Software मिति २०७२ साल माघ १ गते देखि प्रधान कार्यालय तथा २०७३ साल श्रावण १ गते देखि सम्पूर्ण शाखा कार्यालयहरुमा संचालनमा ल्याईएको छ ।

७. **प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

यस राष्ट्रिय बीमा कम्पनी लिमिटेडले आजका मिति सम्म, यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता तथा सत्य तथ्यता सम्बन्धमा म उत्तरदायित्व ग्रहण गर्दछु । साथै, मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । नेपाल सरकार लगायत अन्य संस्थागत तथा व्यक्तिगत लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएका छैनन् ।

**सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**

मिति : २०७४/०४/३१

१) **निकायको स्वरुप र प्रकृति :**

नेपाल सरकारले राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ को दफा २७क ले दिएको अधिकार प्रयोग गरि राष्ट्रिय बीमा संस्थानले गर्दै आएको निर्जीवन तर्फको व्यवसाय छुट्टै संस्थाबाट संचालन गर्नको लागि २०७१/०१/२३ गते गरेको निणर्य बमोजिम कम्पनी ऐन २०६३ को दफा १७३(१) को प्रावधान अनुसार मिति २०७१/०२/२८ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई **"राष्ट्रिय बीमा कम्पनी लिमिटेड"** मिति २०७१/०४/१८ गतेबाट व्यवसायिक कारोबार शुरु गरेको हो ।

२) **निकायको काम, कर्तव्य र अधिकार :**

कम्पनी ऐन २०६३, बीमा ऐन तथा नियमावली २०४९ तथा धितोपत्र सम्बन्धि ऐन २०६३ बमोजिम काम, कर्तव्य र अधिकार यस बीमा कम्पनीमा निहित रहेको छ ।

३) **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

हाल यस कम्पनीमा ६३ जना कर्मचारीहरु कार्यरत छन। कम्पनीले तोकेको कार्य विभिन्न तहका कर्मचारीहरुबाट भई रहेको छ ।व्यवस्थापन तह तथा शाखा प्रमूखहरुको नामावली यस कम्पनीको वेभसाइट www.rbcl.com.np मा उपलब्ध छ ।

४) **निकायबाट प्रदान गरिने सेवा :**

यस कम्पनीबाट विभिन्न निर्जीवन बीमा सम्बन्धि सेवाहरु जस्तैः अग्नि बीमा, सामुद्रिक बीमा, मोटर बीमा, हवाई बीमा, स्वास्थ बीमा, इन्जिनियरीङ्ग बीमा, कृषी तथा पशु बीमा आदि सेवा प्रदान गरिरहेको छ ।

५) **सेवा प्रदान गर्ने निकायको शाखा तथा जिम्मेवार अधिकारी :**

कम्पनीले प्रधान कार्यालय तथा १२ वटा शाखा कार्यालयबाट सेवा प्रदान गरि रहेका छ सेवा प्रदान गने निकायको शाखा कार्यालय तथा जिम्मेवार अधिकारीको विवरण यस कम्पनीको वेभसाइट www.rbcl.com.np मा राखिएको छ

६) **सेवा प्रदान गर्न लाग्ने दस्तूर र अवधि :**

अग्नि बमिा, मोटर बीमा कृषि तथा पशु बीमा, सामुद्रिक बीमा र विविध बीमा अन्तर्गतको बैकर्स इन्डेम्निटी बीमा, बीमा समितिबाट जारी भएका निर्देशन तथा Tariff rates बमोजिमको बीमा शुल्क लिने गरिएको छ । साथै Non tariff बीमाहरुको हकमा कम्पनीको बीमा निर्देशिका बमोजिम शुल्क लिई प्रस्ताव भरेको दिन बीमा लेख जारी गरिएको छ । बीमा अवधिमा दावी परेमा सर्वेयरको प्रतिवेदन बमोजिम आवश्यक कागजात प्राप्त भए पछि ३५ दिन भित्र दावी भूक्तान गरिन्छ ।

७) **निर्णय गरिने प्रक्रिया र अधिकार :**

बीमा व्यवसाय सम्वन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका कर्मचारीहरुबाट गरिन्छ । यस बाहेक दैनिक कार्य संचालन सम्बन्धमा व्यवस्थापक, प्रमुख कार्यकारी अधिकृत, दावी समिति तथा संचालक समितिबाट गरिने व्यवस्था मिलाइएको छ ।

८) **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

उजूरीको प्रकृति अनूसार प्रमूख कार्यकारी अधिकृत, व्यवस्थापक, कम्पनी सचिव

९) **सम्पादन गरेको कामको विवरण :**

बीमा ऐन तथा नियमावली २०४९ र बीमा समितिको निदेशन बमोजिम निजीवन बीमा कम्पनीले गने सम्पूर्ण कार्यहरु यस कम्पनीले पनि गरि रहेको छ ।

१०) **सुचना अधिकारी र प्रमूखको नाम र पद :**

सूचना अधिकारी : राजेन्द्र जङ्ग कार्की, व्यवस्थापक
प्रमुख कार्यकारी अधिकृत : वीरविक्रम रायमाझी

११) **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि :**

कम्पनी ऐन २०६३, बीमा ऐन तथा नियमावली २०४९, बीमा समितिबाट जारी भएका परिपत्र, निर्देशिका, धितोपत्र ऐन २०६३ तथा नियमावली २०६४, सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४, श्रम ऐन २०४८ तथा नियमावली २०५०, करार ऐन २०५६, बोनस ऐन २०३० तथा नियमावली २०३९, आयकर ऐन २०५८ तथा नियमावली २०५९, मूल्य अभिवृदि कर ऐन २०५२ तथा नियमावली २०५३, सार्वजनीक खरिद ऐन २०६३ तथा नियमावली २०६४, लेखापरिक्षण ऐन २०४८ आदि ।

१२) **आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि अधावधिक विवरण :**

बीमा समिति तथा धितोपत्र ऐन बमोजिम यस कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबारको त्रैमासिक विवरण राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशीत हुँदै आएको छ । साथै यस कम्पनीको वेभसाइट www.rbcl.com.np मा पनि उक्त विवरण राखिएको छ ।

१३) **तोकिए बमेजिमको अन्य विवरण : नभएको ।**

१४) **अघिल्लो आ.व.मा सार्वजनीक निकायले कूनै कार्यक्रम वा योजना संचालन गरेको भए सो को विवरण : नगरेको ।**

१५) **निकायको वेभसाइट भए सो को विवरण** : www.rbcl.com.np

१६) **निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण :**

नभएको ।

१७) **निकायले संचालन गरेको कार्यक्रम तथा सो को प्रगति विवरण : नगरेको**

१८) **निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समयअवधि :**

(क) निकायले कम्पनी ऐन २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५, सूचनाको हक सम्बन्धि ऐन २०६४, बीमा समितिले जारी गरेको निर्देशिका तथा अन्य ऐन तथा नियम बमोजिम अनिवार्य रुपमा प्रकाशन गर्नु पर्ने सूचनाहरु
(ख) कम्पनीको आर्थिक तथा खरिद विनियमावली बमोजिम खरिद गर्दा प्रकाशित गर्नु पर्ने सूचनाहरु

१९) **सार्वजनीक निकायमा परेको सूचना माग सम्बन्धि निवेदन र सोको विवरण :** नभएको

२०) **निकायको सूचना अन्यत्र प्रकाशन भएको वा हुने भएका भए सो को विवरण :**

कम्पनीको त्रैमासिक प्रतिवेदन राष्ट्रिय स्तरको पत्रिकामा, धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६४ बमोजिम प्रकाशन गर्ने गरिएको तथा सोको जानकारी बीमा समिति, धितोपत्र बोर्डलाई पेश गरिरहेका छौं ।